# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड ९ संख्या १४ स्थानीय राजपत्र भाग २ मिति २०८२।१२।३०**


## आधारभुत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

प्रथम संशोधन कार्यपालिकाबाट पारित मितिः २०८२।१२।२५

**प्रस्तावनाः**

आधारभूत तह (कक्षा ८) को विद्यार्थी सिकाई उपलब्धीको मापन, मूल्याङ्कन, प्रमाणीकरण गर्न र कक्षा ८ को नगर स्तरीय परीक्षालाई मर्यादित, व्यवस्थित बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र मौजुदा शिक्षा ऐन तथा नियमावली समेतले दिइएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५" रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट पारित मितिदेखि लागू हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) "**शिक्षा ऐन**" भन्नाले शिक्षा ऐन २०२८ (संसोधन) समेत सम्झनु पर्दछ । सो शब्दले घोराही उपमहानगरपालिकाको शिक्षा ऐन लाई समेत सम्झनु पर्दछ।

(ग) "**नियमावली**" भन्नाले शिक्षा नियमावली २०५९ (संसोधन सहित) सम्झनु पर्दछ । सो शब्दले घोराही उपमहानगरपालिकाको शिक्षा नियमावलीलाई समेत सम्झनु पर्दछ।

(घ) "**आधारभूत शिक्षा**" भन्नाले ऐनमा उल्लेख भए बमोजिमको शिक्षा सम्झनु पर्दछ ।

(ङ) "**विद्यालय**" भन्नाले कक्षा १ देखि १२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ । सो शब्दले प्रारम्भिक बाल विकास समेतलाई सम्झनु पर्दछ।

(च) "**नगरपा लका**" भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) "**परीक्षा**" भन्नाले कक्षा ८ को आधारभूत तहको अन्तिममा लिइने परीक्षालाई सम्झनु पर्दछ ।

(ज) "**परीक्षा समिति**" भन्नाले कार्यविधिको दफा ४ बमोजिम गठन परीक्षा संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(झ) "**परीक्षा शाखा**" भन्नाले सामाजिक विकास महाशाखा अन्तर्गत आधारभूत तह (कक्षा ८)को अन्तिम परीक्षा सञ्चालनका लागि तोकिएको परीक्षा शाखालाई सम्झनु पर्नेछ। उक्त शाखाले सफ्टवेयर सम्बन्धी कार्य, मार्कलेजर बाइण्डिङ, प्रमाण-पत्र व्यवस्थापन, अभिलेखीकरण, लब्धाङ्क पत्र छपाइ, वितरण र व्यवस्थापन लगायतका काम सम्पादन गर्नेछ।

(ञ) "**शिक्षक**" भन्नाले विद्यालयका शिक्षक र प्रधानाध्यापकलाई सम्झनु पर्नेछ।

## परिच्छेद २

## पाठ्यक्रम तथा परीक्षा सञ्चालन र व्यवस्थापन

**३. पाठ्यक्रम र पाठ्यसामग्रीः** विद्यालयहरुमा पठनपाठन हुने पाठ्यक्रम र पाठ्यसामाग्री पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे वमोजिम हुनेछ।

**४. परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिः** (१) नगरपालिका अन्तर्गतका विद्यालयहरुमा आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि सामाजिक विकास महाशाखा प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा — अध्यक्ष

(ख) माध्यमिक तह र आधारभूत तहको शिक्षकहरु मध्येबाट कम्तिमा एक जना महिला सहित एक जना संस्थागत विद्यालयका शिक्षक समेत गरी महाशाखा प्रमुखले मनोनित गरेका बढीमा तीन जना —सदस्य

(ग) शिक्षा अधिकृत (परीक्षा हेर्ने) — सदस्य सचिव

(२) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले प्रमुख प्रशासकीय अधिकृत र आवश्यकता अनुसार अन्य कर्मचारी तथा विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । मनोनित सदस्यहरुको पदावधि तीन शैक्षिक सत्रको हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिमका सदस्यहरुले यस कार्यविधिको दफा १५ तथा अनुसूची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता तथा खाजा खर्च पाउनेछन।

**५. परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा योजना, बजेट जनशक्ति व्यवस्थापन र नीति निर्धारण गर्ने।

(ख) परीक्षा मिति, समय, परीक्षा केन्द्र र केन्द्राध्यक्ष तोक्ने।

(ग) संस्थागत विद्यालयका परीक्षार्थीका लागि परीक्षा शुल्क निर्धारण गर्ने।

(घ) परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापनका लागि आवश्यक खर्चको व्यवस्थापन तथा निर्धारण गर्ने।

(ङ) परीक्षाको गोपनीयता कायम रहने गरी प्रश्नपत्र निर्माण छपाई तथा वितरण गर्ने।

(च) विद्यालयहरुलाई आवश्यकता अनुसार परीक्षा केन्द्रमा राखी परीक्षा सञ्चालन गर्ने।

(छ) परीक्षा अनुगमन एवं निरीक्षण गर्ने ।

(ज) परीक्षाफल प्रकाशित गर्ने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाण पत्र दिने।

(झ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने।

(ञ) उत्तरपुस्तिका कोडिङ, डिकोड, परीक्षण, सम्परीक्षण र पुनर्योग गर्ने गराउने।

(ट) कुनै परीक्षा केन्द्रमा अनियमितता भएको ठहर भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने र आवश्यक देखिए त्यस्तो परीक्षा केन्द्र खारेज गर्ने।

(ठ) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न नसकिएमा वा परीक्षा फल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने।

(ड) आवश्यकता अनुसार परीक्षा उपसमिति गठन गर्ने।

(ढ) परीक्षामा उत्कृष्ट स्थान प्राप्त छात्र/छात्राहरु तथा विद्यालयलाई पुरस्कारको लागि सिफारिस गर्ने।

(ण) परीक्षा सम्बन्धी बाधा अडकाउ फुकाउने/टुङ्गो लगाउने निर्णय गर्ने।

(त) मौका परीक्षा/स्तरवृद्धी परीक्षा सञ्चालनको निर्णय गरी परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने।

(थ) कक्षा ८ को नगर स्तरीय परीक्षामा सत प्रतिशत नतिजा ल्याउने विद्यालयहरुलाई प्रमाणपत्र र सामुदायिक विद्यालयहरुलाई रु.५० हजारसम्म पुरस्कार दिन सिफारिस गर्ने।

(२) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रित गर्न सक्नेछ।

## परिच्छेद ३

## परीक्षा सञ्चालन प्रक्रिया

**६. परीक्षा शुल्क/परीक्षा फारामः** सामुदायिक विद्यालयको हकमा आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको लागि कुनै शुल्क लिइने छैन । कक्षा ८ को आधारभूत तहको अन्तिम परीक्षाको परीक्षार्थीका लागि भरिने आवेदन फाराम IEMIS मा तोकिए बमोजिम हुनेछ । विद्यालयले विद्यार्थीको नाम, ठेगाना, जन्ममिति, बाबु आमाको नाम, विद्यार्थीका प्रयोगात्मक प्राप्ताङ्क आदि विवरणहरु तोकिएको समयमा गर्नुपर्ने छ। यी विवरणहरुको शुद्धताको हकमा विद्यालयका प्रधानाध्यापकलाई जिम्मेवार बनाइनेछ। परीक्षार्थीको आवश्यक विवरण फरक परेमा यसका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक जिम्मेवार रहनेछन् ।

**७. प्रश्नपत्र निर्माणः** घोराही उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरुको आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनार्थ प्रश्नपत्र निर्माणका लागि विषय शिक्षकहरुबाट सम्बन्धित विषयका प्रश्नपत्रहरु पाठ्यक्रम विकास केन्द्रबाट तोकिएको पाठ्यभार, अङ्कभार, विषय क्षेत्र, विशिष्टीकरण तालिका ग्रीड, समय र पूर्णाङ्क आधार मानी तोकिएको ढाँचामा प्रश्नपत्र निर्माण गर्न लगाउने र संङ्कलन गरी प्रश्नपत्र बैंक निर्माण गरी सङ्कलित प्रश्नपत्रबाट विषयविज्ञ/स्रोतव्यक्तिहरुबाट प्रश्नपत्र परिमार्जन, संशोधन तथा परिष्करण गरी सम्बन्धित विषयका अलग अलग २/२ वटा प्रश्नपत्र तयार गरिने छ । यसरी तयार गरिएका प्रश्नपत्रहरु मध्ये एक प्रति प्रश्नपत्र मुद्रणका लागि छनौट गरिनेछ । साथै उत्तर कुञ्जिका सहितको प्रश्न पत्र निर्माण गरी मूल्यांकनमा समेत एकरुपता ल्याइनेछ । यसरी प्रश्नपत्र परिष्करणका लागि गोपनीयतालाई विशेष ध्यान दिइने छ ।

**८. प्रश्नपत्र छपाइ तथा वितरणः** प्रश्नपत्र छपाइका लागि गोप्य तथा विश्वासनिय ढंगबाट सामाजिक विकास महाशाखाले छापाखानामा छपाइ गर्नेछ। छनौट भएका प्रेससँग सम्झौता गरिनेछ।

**९. उत्तर पुस्तिका छपाइ, वितरण, परीक्षण एवम् सम्परीक्षणः (१)** उत्तर पुस्तिका छपाइ प्रचलित कानुन बमोजिम गरिनेछ।

(२) विद्यालयहरुमा उत्तरपुस्तिका वितरणका लागि विद्यालयको विद्यार्थी संख्यालाई आधार मानी स्थानीय तह मार्फत वितरण गर्ने व्यवस्था मिलाइने छ ।

(३) नगरपालिकामा उत्तरपुस्तिका संकलन भए पश्चात उत्तरपुस्तिकाको कोडिङ, डिकोडिङ गरी विषयगत सूचीकृत परीक्षक (शिक्षक)बाट उत्तरपुस्तिका परीक्षण संपरिक्षण गरिनेछ।

## परिच्छेद ४

## टेबुलेशन -प्रविष्टी

**१०. टेबुलेशन/प्रविष्टीः** परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कको विवरण टेबुलेशनका लागि उत्तरपुस्तिकाको परीक्षण पश्चात् प्राप्त मार्कस्लीपबाट प्राप्ताङ्कलाई आवश्यक जनशक्तिको व्यवस्था गरी परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले Entry गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद ५

## नतिजा सम्बन्धी व्यवस्था

**११. नतिजाः** IEMIS मा प्रविष्ट गरी नतिजाको प्रकाशन तथा व्यवस्थापन गरिनेछ।

## परिच्छेद ६

## पुनर्योगः

**१२. पुनर्योगः** आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको नतीजामा चित्त नबुझी पुनर्योगका लागि नतीजा प्रकाशन भएका ७ दिन भित्र प्रति विषय रु.१००(एक सय) शुल्क सहित विद्यालय मार्फत पुनर्योगका लागि आवेदन सङ्कलन गरी परीक्षा समितिले पुनर्योगको व्यवस्था मिलाउन सक्नेछ । निवेदन पेश गर्न तोकिएको अन्तिम मिति पछिको सातौं दिन भित्र पुनर्योगको नतिजा प्रकाशनको व्यवस्था मिलाइने छ ।

## परिच्छेद ७

## परीक्षा अनुगमन

**१३. परीक्षा अनुगमन समितिः** (१) आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा व्यवस्थित, मर्यादित, स्तरीय गराउन परीक्षा सञ्चालनको अवधिमा परीक्षा सम्बद्ध सम्पूर्ण पक्षको अनुगमन तथा निरीक्षणका लागि एउटा अनुगमन समिति रहने छ । उक्त अनुगमन समिति देहाय बमोजिमको रहने छ ।

| | |
|---|---|
| (क) नगरप्रमुख | संयोजक |
| (ख) उपप्रुमख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (ङ) सामाजिक विकास शाखाका शिक्षा अधिकृत | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार अनुगमन समितिमा सदस्यहरु थप गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गठित समितिका सदस्यहरुले कार्यविधिको दफा १५ को अनुसूची १ मा उल्लेख भए बमोजिमको अनुगमन भत्ता पाउनेछन।

## परिच्छेद ९

## मूल्याङ्कन प्रणाली

**१४. मूल्याङ्कन प्रणालीः** विद्यार्थीको मूल्याङ्कन प्रचलित नियमानुसार Letter Grade System बमोजिम गरिनेछ।

## परिच्छेद १०

## आर्थिक व्यवस्थापन सम्वन्धमा

**१५.** आधारभूत तह (कक्षा ८)को परीक्षा व्यवस्थापनको आर्थिक कार्य प्रणाली अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद ११

## विविध

**१६. परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्थाः** (१) आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन सम्बन्धी माथि लेखिएका बाहेकका अन्य अत्यावश्यक कामकाजका लागि सम्पूर्ण अधिकार आधारभूत तह (कक्षा ८)को अन्तिम परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको रहने छ। परीक्षा सम्बन्धी अन्य व्यवस्था नगर शिक्षा समितिको निर्णयानुसार हुनेछ। कक्षा ५ मा लिइने नगरपालिका स्तरीय परीक्षा पनि यसै अनुसार सञ्चालन तथा व्यवस्थापन हुनेछ।

(२) नतिजा प्रकाशन भएको ६ महिना पछी परीक्षा समितिको सिफारिसमा  महाशाखाले उत्तरपुस्तिकाहरु नियमानुसार व्यवस्थापन गर्नुपर्नेछ।

**१७. बाधा अडकाउ फुकाउ र बचाउः** यस कार्यविधि कार्यान्वयनमा आएका बाधा अडकाउ फुकाउने सम्बन्धमा नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**अनुसूची १**

**दफा १५ सँग सम्बन्धीत**

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| १ | केन्द्राध्यक्ष भत्ता प्रतिदिन | ८०० |
| २ | सहायक केन्द्राध्यक्ष प्रतिदिन | ५०० |
| ३ | निरिक्षक प्रति दिन | ३०० |
| ४ | सहयोगी प्रति दिन | २०० |
| ५ | केन्द्र खर्च प्रति केन्द्र | रु २५०० देखि रु ५००० |
| ६ | उत्तर पुस्तिका छपाई ( थप उत्तर पुस्तिका र ग्राफ समेत) | सार्वजनिक खरिद ऐन नियम बमोजिम |
| ७ | प्रश्नपत्र छपाइ | |
| ८ | ग्रेड सिट व्यवस्थापन | |
| ९ | उ.पु. परिक्षण (५० पूर्णाङ्कको) | रु १८ देखि रु २० |
| १० | उ.पु. परीक्षण (१०० पूर्णाङ्कको) | रु २० देखि २५ सम्म |
| ११ | उ.पु. सम्परीक्षण (प्रति उ. पु.) | रु. १ देखि ५ |
| १२ | प्रश्नपत्र निर्माण प्रति विषय प्रति सेट | रु.१५०० |
| १३ | प्रश्नपत्र मोडेरेसन/ प्रश्नपत्र प्रुफ रिडिङ (प्रति विषय) | रु. १००० |
| १४ | उत्तरपुस्तिका कोडिङ / डिकोडिङ प्रति कपि | (१.५+१.५=३) |
| १५ | समिति तथा कर्मचारीले साझ विहान खटिएबापतको खाजा खर्च | १००० |
| १६ | समिति बैठक भत्ता प्रति बैठक १००० का दरले बढिमा ५ वटा बैठक | १००० |
| १७ | परीक्षा अनुगमन भत्ता प्रतिदिन | ५०० |
| १८ | प्राप्तांक इन्ट्री प्रति उ पु | रु १ देखि रु ५ सम्म |
| १९ | परीक्षामा प्रयोग भएको सवारी साधन भाडा | जिल्लादररेट बमोजिम |
| १९ | विविध | आवश्यकतानुसार |

आज्ञाले,

रामबहादुर हमाल

प्रमुख प्रशासकीय अधिकृत